# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, मार्च २०१४

## सेवा गर्ने अवसरहरू हेर्नुहोस्

## प्रथम अध्यक्षताको सन्देश

### केटाकेटी

### सेवा गर्ने अवसरहरू हेर्नुहोस्

तपाईंले येशू ख्रीष्टलाई अनुशरण गर्ने र अरूहरूको सेवा गर्ने छनोट गर्न सक्नुहुन्छ । तपाइले कुनै परिवारको सदस्य वा साथीलाई सेवा गरेको आफ्नै चित्र बनाउनुहोस् र तपाइको चित्र त्यहा राख्नुहोस् जाहा त्यस्ले हरेक दिन तपाइलाई दया हुन याद दिलाउछ ।

उनको प्रार्थनाको एक जवाफ

प्रथम अध्यक्षताको सन्देश

युवा

उनको प्रार्थनाको एक जवाफ

सिफिलिली खुमालोद्वारा

लेखक गौटेङ, दक्षिण अफ्रिकामा बस्नुहुन्छ

एक साँझ अर्को आस्थाका साथीले मलाई भेटे । प्रायशः म एक्लै धर्मशास्त्र पढ्छु र त्यो रात पनि अध्ययनका लागि मैले तिनलाई बाहिर निकालें । मैले तिनीलाई धर्मशास्त्र अध्ययनका लागि मसँग बस्न आमन्त्रण गर्न प्रोत्साहित भएँ तर म त्रसित थिएँ र एक्लै अध्ययन गर्न सुरू गरैं । मलाई थाहा भयो कि मैले आत्माको प्रभावलाई बेवास्था गरैं । केही मिनेट पछि मैले होस्यारीपूर्बक सोधैं, “के तपाईं मसँगै धर्मशास्त्र अध्ययन गर्नुहुन्छ?” बिना हिचकिटावट मेरो साथीले जवाफ दिनुभयो “हुन्छ ।”

हामीले मरमनको पुस्तकबाट पढ्छौं । तिनले हामीलाई केही प्रश्नहरू सोधिन् अनि मैले आत्माको प्रभावले मलाई उत्तर दिई अगुवाइ गरेको महसुस गर्न सक्थैं । मैले मरमनको पुस्तकको सत्यताका बारेमा मेरो गवाही बाँडैं । मैले यसो गरेपछि, तिनले मलाई भनिन् “म दिनभरी रोइरहेको र डराइरहेको थिएँ । जब तपाईंले मलाई तपाईंसँगै धर्मशास्त्र अध्ययन गर्न भन्नुहुँदा मैले सहयोगका लागि परमेश्वरलाई प्रार्थना गरैं । अहिले मैले धेरै राम्रो महसुस गरेको छु । तपाईंलाई धन्यवाद ।”

परमप्रभुले मलाई प्रार्थनाको जवाफ दिन र उहाँका सन्तती मध्येका एकलाई सेवा गर्नका लागि एक औजारका रूपमा उपयोग गर्नुभयो । मलाई थाहा छ कि प्रोत्साहन बुद्धिमान्, महिमित पिताका दैवी निर्देशन हुन् । जब हामीले हाम्रो त्रासलाई पर राख्छौं । हामीले उहाँलाई उहाँको शक्तिलाई हाम्रो आज्ञाकारिताद्वारा प्रस्तुत गर्ने अनुमति दिन्छौं ।

प्रथम अध्यक्षताको सन्देश

## प्रथम अध्यक्षताको सन्देश, मार्च २०१४

# सेवा र अनन्त जीवन

### अध्यक्ष हेनरी बी आइरिङद्वारा

**प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार**

मुक्तिदाता हाम्रा लागि निश्वार्थ सेवाका उदाहरण हुनुहुन्छ । उहाँको पूर्ण जीवन स्वर्गमा रहनुहुने पिता र पिताका सबै केटाकेटीहरूमा समर्पित थियो । पिता र पुत्रको संयुक्त उद्देश्य भनेको हामी सबैलाई अमरत्व र अनन्त जीवनको आशीष प्रदान गराउनु हो (हेर्नुहोस् मोसेस १:३९) ।

अनन्त जीवनका लागि योग्य बन्न हामी येशू ख्रीष्टको प्रायश्चित्तका माध्यमबाट परिवर्तित हुनै पर्छ-फेरी जन्मनु पर्छ र पापबाट मुक्त हुनुपर्छ । जे भए तापनि आठ वर्ष मुनिका साना केटाकेटीहरू पाप बिनाका र प्रायश्चित्तका कारण उद्धार हुने हुन्छन् (हेर्नुहोस् मोसाया ३:१६, २१, मोरोनाई ८:१०-१२) ।

उत्तरदायित्वको उमेरमा पुग्ने हामी सबैका लागि, त्यहाँ पापबाट मुक्त हुने र अनन्त जीवनका लागि तयारी गर्ने एक उत्तम योजना छ । त्यो तयारी पादरित्वको अधिकारद्वारा बप्तिस्मा र पवित्र आत्माको प्राप्तिबाट सुरू हुन्छ । त्यसपछि हामीले सधैँ मुक्तिदातालाई सम्झनुपर्छ र उहाँले हामीलाई दिनुभएका आज्ञाहरूको पालना गर्नुपर्छ ।

मरमनको पुस्तकमा राजा बेन्जामिनले उहाँका मानिसहरूलाई भन्नुभयो कि त्यो खुशी जुन येशू ख्रीष्टको प्रायश्चित्तका कारण पापबाट क्षमापनको अनुभव आउँछ । त्यसपछि उहाँले सिकाउनुभयो कि तिनीहरूको पापका लागि क्षमापन प्राप्त गर्न तिनीहरूले आफ्ना केटाकेटीहरूलाई एक अर्कालाई सेवा गर्न र तिनीहरू वरिपरि रहेकाहरूको भौतिक र आत्मिक आवश्यकताहरू पूरा गर्न सम्भव भएसम्म दयालु हुनुपर्छ भन्ने  सिकाउनुभयो (हेर्नुहोस् मोसाया ४:११-१६) ।

उहाँले सिकाउनुभयो, “अनि हेर, म तिमीलाई यी कुराहरू भन्छु ताकि तिमी ज्ञान सिक्न सक, कि तिमी तिम्रा सयहात्रीको सेवामा हुँदा तिमी केवल तिम्रा परमेश्वरको सेवामा मात्रै हुनेछौ” (मोसाया २:१७) ।

येशू उहाँका प्रेरितहरूलाई सिकाउन र असल कुरा गर्न जानुभयो (हेर्नुहोस् प्रेरित १०:३८) । उहाँले विरामीहरूलाई चङ्गाइ दिनुभयो । उहाँले मृतकलाई व्यूताउनुभयो । उहाँको शक्तिले उहाँले भोकाएका र खाना नभएका हजारौँलाई खुवाउनुभयो (हेर्नुहोस् मत्ती १४:१४-२१, यूहन्ना ६:२-१३) । उहाँको पुनरुत्थान पछि उहाँले उहाँका धेरै प्रेरितहरूलाई खाना दिनुभयो जसै तिनीहरू ग्यालिलीको समुन्द्रको किनारमा आए (हेर्नुहोस् यूहन्ना २१:१२-१३) । अमेरिकी क्षेत्रमा उहाँले विरामीलाई चङ्गाइ दिनुभयो र एक एक गरेर केटाकेटीहरूलाई आशीषित गर्नुभयो (हेर्नुहोस् ३ निफाई १७:७-९, २१) ।

प्रेरित याकूबले हामीलाई सिकाउनुभयो कि कसरी अरूहरूलाई सेवा गर्ने इच्छा परमप्रभुले हामीलाई गर्नुभएको कुराहरूका लागि हामीबाट आउने कृतज्ञताबाट आउँछ ।

“तर जसले स्वतन्त्रताको पूर्ण नियमलाई हेर्छ र सुनेर बिर्सिने नभएर निरन्तर रूपमा पालन गरी काम गर्ने हुन्छ यस्तो मानिस नै उसको कार्यका लागि आशीषित हुनेछ । …

“विशुद्ध धर्म र परमेश्वरका अगाडि अविचलित बन्ने र पिता यो हो, पिताविहीन र विधवालाई तिनीहरूको पीडामा भेड गर्ने र ऊ आफू स्वयंलाई संसारबाट सहयोग नलिनु हो” (यूहन्ना १:२५, २७) ।

तपाईँ पवित्रीकृत पारिएको निश्चितता गराउने कुराहरू मध्येको एक मुक्तिदाताका लागि अरूहरूको सेवा गर्ने इच्छामा वृद्धि हुनु हो । गृह शिक्षण र भेट गर्ने शिक्षा बडि खुशीको कुरा र काम काम लाग्न थाल्छ । तपाईँले आफूस्वयंलाई प्रायशः स्थानीय विद्यालयमा स्वयंसेवकको काम गरेको वा तपाईँको समुदायमा गरीबलाई सेवा गरिरहेको पाउनुहुनेछ । तपाईँसँग थोरै पैसा हुने भए तापनि थोरै भएकाहरूलाई तपाईँसँग धेरै भएको भए धेरै दिनु हुने थियो भन्ने चाहना हुन्छ (हेर्नुहोस् मोसाया ४:२४) । तपाईँ तपाईँस्वयंलाई तपाईँका केटाकेटीहरूलाई सेवा गर्न र अरूहरूको सेवा कसरी गर्ने भनेर तिनीहरूलाई देखाउन उत्सुक पाउनुहुन्छ ।

जसै तपाईँको प्रकृति परिवर्तन हुन्छ, तपाईँ परिचय बिना नै महान् सेवा दिने चाहना राख्छौँ । मलाई थाहा छ समर्पण सहित पैसा र सेवाको महान् उपहार दिने मुक्तिदाताका अनुयायीहरूलाई अरू कोहीले नभई परमेश्वर र उहाँका सन्ततीले यसका बारेमा बुझ्न सक्नेछन् । तिनीहरूलाई तिनीहरूको जीवनमा आशीषित गरेर तिनीहरूको सेवालाई परमेश्वरले पहिचान गर्नुहुनेछ अनि उहाँले आगामी अनन्त जीवनमा तिनीहरूलाई आशीषित गर्नुहुनेछ (हेर्नुहोस् मत्ती ६:१-४, ३ निफाई १३:१-४) ।

जसै हामीहरूले अरूहरूलाई सेवा गर्ने आज्ञाहरूको पालना गर्छौँ (हेर्नुहोस् मत्ती २२:२९), तपाईँले आफूमा तपाईँको गर्वमा परिवर्तन भएको महसुस गर्नुभएको छ । मुक्तिदाताले उहाँका प्रेरितहरू तिनीहरू बीचमा को ठूलो भनेर विवाद गर्दा सुधार गर्नुभयो । उहाँले भन्नुभयोः

तिमी अगुवाका रूपमा बोलाइँदैनौ किनकि, ख्रीष्ट नै एक जना तिम्रो अगुवा हुनुहुन्छ ।

अनि तिमी बीचमा महान् हुने नै तिम्रो सेवकका रूपमा बोलाइने छ (मत्ती २३:१०-११) ।

हामीले अरूहरूको सेवा कसरी गर्न सिक्न सक्छौँ भन्ने कुरा मुक्तिदाताले हामीलाई सिकाउनुभयो । उहाँले पूर्ण रूपमा सेवा गर्नुभयो र हामीले उहाँले सिके जस्तै गरी हामीले क्रमिक रूपमा सिक्नुपर्छ (हेर्नुहोस् सि र क ९३:१२-१३) । हामीले दिने सेवाद्वारा, हामी उहाँ जस्तै बन्न सक्छौँ । हामीले हाम्रो हृदयको सम्पूर्ण शक्तिले उहाँले तिनीहरूलाई माया गर्ने जसतै हाम्रा शत्रुहरूलाई माया गर्न प्रार्थना गर्नेछौँ (हेर्नुहोस् मत्ती ५:४३-४४, मोरोनाई ७:४८) । त्यसपछि हामी उहाँ र स्वर्गमा रहनुहुने हाम्रा पितासँगै अन्त्यमा अनन्त जीवनका लागि योग्य हुनेछौँ ।

हामीले मुक्तिदाताको शिक्षा र उदाहरणको अनुशरण गरेमा हामीले अझै राम्ररी सेवा गर्न सक्छौँ भनेर म प्रतिज्ञा गर्छु ।

यो सन्देशबाट सिकाउने

बाह्र प्ररितका गणका एल्डर एम् रसल बालार्डले सेवा गर्ने अवसरहरूका लागि प्रार्थना गर्न प्रोत्साहन गर्नुभयो । "हरेक नयाँ दिनको तपाईंको बिहानको प्रार्थनामा स्वर्गमा रहनुहुने पितालाई उहाँका सन्तती मध्येको एक महत्वपूर्ण सन्तानलाई सेवा गर्ने एक अवसर पहिचान गर्न तपाईंलाई अगुवाइ गर्न आग्रह गर्नुहोस् । त्यसपछि सहयोग गर्न दिनभरी जानुहोस् ।" ("पूर्ण रूपमा संलग्न हुनुहोस् *Ensign* or *Liahona*, नोभे २०१२, ३१" । तपाईंले सिकाउनेहरूलाई हरेकलाई विहान सेवा गर्ने अवसरका लागि प्रार्थना गर्न र दिनभरी तिनको खोजी गर्न आमन्त्रण गर्ने कुरालाई महत्व दिनुहोस् ।

© 2014 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१३ । अनुवाद अनुमोदनः ६/१३ । 10863-372 को अनुवाद ।

# भेट गर्ने शिक्षिकाको सन्देश, मार्च २०१४
# येशू ख्रीष्टको दैवी उद्देश्यः संसारको प्रकास (ज्योति)

प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस् । मुक्तिदाताको जीवन र उद्देश्य बुझ्नाले उहाँमा हाम्रो आस्था वृद्धि गर्छ र भेट गर्ने शिक्षिको सन्देशका माध्यमबाट तपाईँले हेरचाह गर्नेहरूलाई आशीषित गर्न कसरी सहयोग गर्छ ? अझै बढी जानकारीका लागि **reliefsociety.lds.org** मा जानुहोस् ।

आस्था, परिवार, राहत

यो भेट गर्ने शिक्षिकाको सन्देशको मुक्तिदाताको उद्देश्यको विशेषता पक्षलाई क्रमलाई उल्लेख गर्ने खण्ड हो ।

जसै हामीले येशू ख्रीष्ट संसारको प्रकाश हुनुहुन्छ भनेर बुझ्छौँ, हामीले उहाँमा हाम्रो आस्था बढाउँछौँ र अरूहरूका लागि प्रकाश बन्नेछौँ । ख्रीष्टले उहाँको भूमिकाका बारेमा प्रमाणित गर्नुभयो “सत्य प्रकाश जसले संसारमा आउने हरेक पुरूष (र महिला) लाई प्रकाशित गर्छ (सि र क ९३:२) र सोध्नुभयो कि हामीले (उहाँ) को प्रकाश संसारमा प्रकाशित होस् ।” (३ निफाई १८:२४)

हाम्रा अगमवक्ताले समेत ख्रीष्टको प्रकाशको प्रमाणित गर्नुभएको छ, अध्यक्ष हेनरी बी आइरिङ, प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार, भन्नुहुन्छः “हरेक पटक तपाईँले मुक्तिदाता जस्तै बनेर जिउने प्रयास गर्ने छनौट गर्नुहुन्छ तपाईँले आफ्नो गवाही मजबुत पार्नुहुनेछ । तपाईँ आफूस्वयंका लागि उहाँ संसारको ज्योति हुनुहुन्छ भनेर बुझ्न सक्षम हुनुहुनेछ ....तपाईँको जीवनमा तपाईँले ख्रीष्टको प्रकाश अरूहरूलाई प्रतिविम्वित गर्नुहुनेछ”१

बाह्र प्रेरित गणका एल्डर क्वीन्टन एल् कूकले हामी संसारको ज्योति बन्ने बारे भन्नुभयोः “हामीले हाम्रो परिवारलाई सुरक्षित रान्नु र हाम्रो समुदायमा प्रकाश, आशा र नैतिकता बचाउन असल चाहनाका सबै मानिसहरूसँग सँगै काम गर्नु आवश्यक छ ।”२

धर्मशास्त्रहरूबाट

यूहन्ना ८:१२, सिद्धान्त र करार ५०:२४, ११५:५

हाम्रो इतिहासबाट

आजका पछिल्ला दिनका सन्त महिलाहरूले तिनीहरूको प्रकाश प्रतिविम्वित गरिरहेका छन् ।

हङ्कङ चाइनाको उच्च भवनको ८० औं तलामा शारीरिक अपाङ्गता भएकी एक दिदी-उनको परिवारकी एकमात्र पछिल्ला दिनकी सन्त-एक घरको रचना गरिन् जहाँ उनी र भेट गर्न जाने ब्यक्तिहरू आत्माको प्रभावलाई महसुस गर्न सक्थे । तिनले धर्मशास्त्रहरू, उनको रिलिफ सोसाइटीको पुस्तिका र उनको भजन पुस्तिका नजिकै राखथिइन् । तिनी उनका पूर्खाहरूका लागि विधिहरू प्रदान गर्न तिनी मन्दिर को यात्रा गरिन् ।

ब्राजिलमा एक धार्मिक आमाले उनका केटाकेटीहरूलाई सुसमाचारको प्रकाशमा हुर्काइन् । प्राइमरी गीत र Liahona बाट मन्दिरको तस्वीर, परमेश्वरका अगमवक्ता अनि मुक्तिदाताका तस्वीरले रातो इँटाले बनेको उनको घर भरिन्थ्यो । उनी र उनका पतिले मन्दिरमा बाँधिन धेरै त्याग गरे ताकि तिनका केटाकेटीहरू करारमा जन्मिन सकून् । उनको निरन्तर प्रार्थना परमप्रभुले सुसमाचारको प्रकाश, सत्य र शक्तिमा हुर्काउन सकून् भनेर सहयोग गर्नुहुनेछ भन्ने थियो । ४

## सूचीहरू

१. हेनरी बी आइरिङ "एक जीवित गवाही" Ensign or Liahona, मे २०११, १२८ ।

२. क्वीन्टर एल् कुक, "त्यहाँ प्रकाश हुन दिनुहोस्" Ensign or Liahona नोभे. २०१०, ३० ।

३. हेर्नुहोस् *मेरो राज्यमा छोरीहरू: The History and Work of Relief Society* (२०११), १६३-६४ ।

४. हेर्नुहोस् *मेरो राज्यमा छोरीहरू*, १६४ ।

मैले के गर्न सक्छु ?

१. आजको संसारमा प्रकाश (ज्योति) हुने भन्नाले के बुझिन्छ छलफल गर्नुहोस् ।

२. येशू ख्रीष्टको प्रकाशलाई अनुशरण गर्नाले तपाईंका चुनौतीहरूलाई सामना गर्न सहयोग मिल्छ भन्नेबारेमा मनन गर्नुहोस् ।

© 2014 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१३ । अनुवाद अनुमोदनः ६/१३ । 10863-372 को अनुवाद ।